# मण्डीको टेण्डरमा दलको अवरोध

चितवन, ११ साउन । नारायणगढको लायन्सचोकमा रहेको फलफुल तथा तरकारी मण्डीको टेण्डरमा राजनीतिक दलले अवरोध गरेका छन् ।

भरतपुर महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको मण्डीमा असार महिनामा टेण्डर आह्वान गरेपछि व्यवसायीहरूको दबावमा राजनीतिक दल टेण्डरले अवरोध गरेका हुन् । केही दिनअघि जिल्लाका चार राजनीतिक दल नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाले निर्णय गरेरै महानगरपालिकालाई टेण्डर अघि नबढाउन दबाव दिएका थिए ।

एकमहिने टेण्डर अवधिमा तीन वटा टेण्डर परेको छ । जसमा लाखदेखि करोडसम्मको टेण्डर परेको स्रोतले बतायो । यति मोटो रकमको टेण्डर पर्नु भरतपुर महानगरपालिकालाई फाइदाको विषय हो । तर राजनीतिक दलको चर्को दबाबका कारण महानगर टेण्डर प्रक्रियाबाटै पछि हट्नुपर्ने अवस्थामा पुगेको छ ।

महानगरपालिकाका कार्यकारी अधिकृत प्रेमराज जोशी भने तत्काल पछि हट्ने मुडमा छैनन् । उनले भने, 'टेण्डर प्रक्रिया अघि बढिरहेको छ, राजनीतिक दलले छ महिना पर्खन भनेकोले सबै अवस्थालाई मिलाएरै टेण्डर प्रक्रियालाई टुंगोमा पुऱ्याउनेछु ।'

राजनीतिक दलहरूले छ महिनासम्म सोही स्थानमा व्यवसाय गर्न दिने र त्यसपछि मण्डीलाई स्थानान्तरण प्रक्रियामा लैजाने भन्दै महानगरलाई थामथुम पार्ने काम गरेको छ । तर महानगरले यस बारेमा ठोस निर्णय र पछि कार्यान्वयनको ग्यारेण्टी खोजी रहेको छ । कार्यकारी अधिकृत जोशी भन्छन् 'छ महिनासम्म त सोही स्थानमा मण्डी संचालन होला तर त्यसपछि मण्डी स्थानान्तरण गर्दा व्यवसायीले विरोध नगर्ने ग्यारेण्टी हुनुपर्छ ।'

जिल्लाका प्रमुख राजनीतिक दलहरू भने लायन्सचोकको मण्डी नै स्थानान्तरण गर्नुपर्ने पक्षमा छन् । नेपाली काँग्रेस चितवनका सभापति जितनारायण श्रेष्ठले भने, 'हामी लायन्सचोकमा मण्डी नै नराख्ने पक्षमा छौं। यस्तो अवस्थामा टेण्डरको जरूरी छैन् ।' उनले थप्दै भने, 'अहिले जनप्रतिनिधिविहीन भएको अवस्थामा यस्तो निर्णय गर्न आवश्यक छैन ।'

भरतपुर महानगरले असार ८ गते टेण्डर आह्वान गरी साउन ८ गते अन्त्य गरेको थियो । यसअघि तीन वर्षका लागि त्यहाँका व्यवसायीहरूसंग महानगरले सम्झौता गरेको थियो । महानगरले टेण्डरले आह्वान गरेलगत्तै मण्डीका व्यवसायीहरूले आन्दोलन गर्दै महानगरलाई दबाब दिएका थिए ।

Scanned by CamScanner